# मिति २०७८ कार्तिक ४ मा. मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यवाट वागमती प्रदेस सभामा पेश गरेको मन्तव्य

माननीय सभामुख महोदय,

नेपाली जनताले २०६२/६३ को जनक्रान्ती मार्फत राज्यको शासकीय स्वामित्व र प्रणालीमा गर्न खोजेको परिवर्तन संघीय लोकतान्त्रिक गणतन्त्र को रुपमा स्थापित भएको छ । नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि बलिदानी दिने शहिद प्रति सम्मान सहित श्रदाञ्जली व्यक्त गर्दछु । घाइते योद्द्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दछु । प्रदेश सभाका सदस्यहरु मा. पशुपति चौलागाई र मा. हरिशरण लामिछानेलाई गुमाएका छौ । उहाँहरु प्रति श्रद्धासुमन सहित स्मरण गर्न चाहान्छु ।

प्रदेश सभाको ८ औं अधिवेशन बागमती प्रदेश सरकारले सभामा प्रस्तुत गरेको सरकारको नीति कार्यक्रम र आर्थिक वर्ष २०७८/७९ को बजेट पास गर्ने र अन्य केहि महत्वपूर्ण विधेयक पारित गरि २०७८ भाद्र २ गते अन्त गरिएको थियो। केहि महत्वपूर्ण राजनैतिक विषय, अत्यधिक महत्वका विधेयक र ऐनमा गर्नै पर्ने अत्यावश्यक संसोधन माथि हामीले तत्काल छलफल चलाउन र सभाबाट पारित गरि कार्यान्वयनमा लैजान जरुरी भएकोले प्रदेश सभाको यो ९ औ अधिवेशन २०७८ आश्विन २४ गतेको लागि आह्वान गरिएको थियो । अधिवेशको शुरु दिनमा नै मैले शहिदहरुलाई स्मरण गर्दै हाम्रा वीच चलिरहेका चाड पर्व, संस्कार संस्कृतिका बारेमा आफ्ना भनाई सहित शुभकामना व्यक्त गरिसकेको छु ।

सभामुख महोदय, आठौं अधिवेशनको अन्त संगै प्रदेश सभा र सरकारमा केहि परिवर्तन भएको सर्वविदितै छ। प्रदेश सभामा बहुमत प्राप्त दल नेकपा (एमाले) को २०७८ भाद्र २ गते संसदीय दलको कार्यालय हेटौडामा बसेको

बैठकमा नेकपा (एमाले) का संसदिय दलका नेता तथा बागमती प्रदेश सरकारका मुख्यमन्त्री माननीय डोरमणी पौडेलको प्रस्ताव र दलका सदस्यहरुको सर्वसम्मत निर्णयबाट म नेकपा एमाले को संसदीय दलको नेतामा चयन भएको हुँ। नेपालको संविधानको धारा १६८ को (१) अनुसार प्रदेश सभामा बहुमत प्राप्त दलको नेताको हैसियतले प्रदेश प्रमुख बाट मुख्यमन्त्रीको सपथ लिई सरकारको नेतृत्व सम्हाल्दै आएको छु । मैले नेतृत्व लिएको केहि दिन र घण्टा बित्न नपाउदै मलाई सर्वसम्मत नेता चयन गर्ने केहि माननीय सदस्यहरु अन्य गतिविधिमा लाग्नु भएको कुरा मलाई जानकारी नभएको होइन तर मैले मेरो नैतिकता र इमान्दारीतामा आँच आउने गरी कुनै सहमती गर्न चाँहिन ।

हाम्रो संविधान र हाम्रो परिकल्पना स्थिर सरकार र राजनैतिक स्थायीत्वको हो। म त्यसमा दृढ छु । त्यसैले मेरो पार्टीका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले राजनैतिक दल विभाजन सम्बन्धि ल्याएको अध्यादेशको विपक्षमा पार्टी भित्रै म लगायत हामी खरो उभियौ र उक्त अध्यादेश तत्काल फिर्ता भयो, हामीले प्रधानमन्त्रीलाई धन्यवाद दियौं। तर आज हामीले विरोध गरेर फिर्ता गर्न लगाइएको भन्दा निकृष्ट ढंगले अध्यादेश ल्याइएको छ । त्यति मात्र होइन, संविधानले परिकल्पना नै नगरेको अध्यादेश वाटै प्रदेश र स्थानिय तह सम्म विभाजन गर्ने जुन षडयन्त्र गरियो त्यो अत्यन्त निन्दनीय छ ।

त्यहि अध्यादेश मार्फत बागमती प्रदेशमा पनि नेकपा (एमाले)का केहि प्रदेश सभा सदस्य अन्य पार्टीमा सुचिकृत हुनभयो र संसद सचिवलायमा दर्ता गरेको आधारमा नेकपा (एमाले) संसदिय दल विभाजन भएको भन्ने सुचना जानकारी भयो । नेपालको संविधानको धारा १८८(२) बमोजिम नेपालको

संविधानको भावनाको सम्मान गर्दै २०७८ आश्विन २२ गते मैले विश्वाशको मत लिनका लागि संसद सचिवालयमा प्रस्ताब दर्ता गराउनु साथै सोहि महिनाको २४ गते प्रदेश सभा बैठकमा पेश गरी सकेको छु । आज सो प्रस्तावको प्रकृया शुरु भएको छ । प्रस्तावको विषयमा सबै माननीय सदस्यहरुले आफ्नो स्वविवेक प्रयोग गरी विचार व्यक्त गर्नु हुनेछ भन्ने मेरो विश्वास छ ।

सभामुख महोदय,

अब म केहि राजनैतिक विषय र केहि प्रदेश सरकारका काम कामवाहिका बारेमा आफ्नो भनाई राख्न चाहन्छु । २०७४ मंसिरमा भएको निर्वाचनमा नेकपा एमाले र नेकपा माओवादी केन्द्र वीच कार्यगत एकता भई निर्वाचनमा गएका थिए । यी दुवै पार्टीले संयुक्त रुपमा प्राप्त गरेको सिट संख्या प्रतिनिधि सभामा करिव दुई तिहाई नजिक र यस बागमती प्रदेशमा दुई तिहाई भन्दा बढी थियो । प्रतिनिधि सभामा कुनै पनि पार्टीको एकल बहुमत थिएन तर यस प्रदेशमा नेकपा एमालेको एकल बहुमत थियो । नेकपा एमाले र नेकपा माओवादी केन्द्र वीचमा संयुक्त सरकार गठन भयो । दुवै पार्टीको एकता पछि नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बन्यो र दुई तिहाईको सरकार यस प्रदेशमा बन्यो ।

सभामुख महोदय,

हाम्रो संविधान, हाम्रो लोकतान्त्रिक व्यवस्था, हाम्रो संसदीय प्रणाली लाई कमजोर वन्न दिनु हुदैन । संसदिय प्रणालीमा पार्टीहरु बलियो बन्नु पर्दछ, एकताबद्द रहनुपर्दछ । हामी सबैको चाहाना हुँदाहुदै पनि पार्टीहरु कमजोर

भैरहेको देखिन्छ । हामीले बलिदानवाट प्राप्त गरेको संघीय लोकतान्त्रिक गणतन्त्र माथी प्रहार भैरहेको अनुभुत गर्न सकिन्छ । संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्नु हामी सबैको अहम दायीत्व हो । तसर्थ हामी सबै एकजुट भई अगाडि वढ्नु आजको आवश्यकता र माग हो ।

सभामुख महोदय,

नेपालमा संघिय लोकतान्त्रिक गणतन्त्र, तीन तहको सरकार सहितको संविधान जारी हुदा हामीले छिट्टै कार्यान्वयनमा लाग्नु पर्छ भनेर कार्ययोजना वनाइ अगाडि वढ्यौ । वास्तवमा नेकपा (एमाले) वाट नेकपा हुदै माननीय मुख्यमन्त्री डोरमणी पौडेलको नेतृत्वमा आव ०७५/७६ बाट प्रदेश सरकारले विस्तारै वामे सर्न थालेको हो । यस छोटो अवधिमा प्रदेश सरकारले जनताले अनुभुत गर्ने गरी आफ्ना कार्यक्रम अगाडी बढाउन सफल भएको छ । मैले नेपालको संविधानको अक्षरस पालना र कार्यान्वयन गरि सामाजिक न्याय, लोकतन्त्र र मानव अधिकारको सुनिश्चितता प्रदान गर्ने संकल्प गरेर यस प्रदेशको मुख्यमन्त्रीको जिम्मेवारी सम्हालेको हुँ। समाजवादको यात्रा पुरा गर्न जनताको साथ त अनिवार्य नै छ र सगै जनताको सम्वृद्धि र खुशीको अनुभूति आधारभूत विषय हुन भन्ने मेरो बुझाइ छ । मैले नेतृत्व गरेको वागमती प्रदेश सरकार र नेकपा एमाले यस प्रदेशमा जनताको समृद्धि र सामाजिक न्यायका चाहना पुरा गर्न प्रतिबध्दता सहित अगाडी बढिरहेको छ ।

म प्रदेश सरकारले गरेका मुख्य मुख्य केहि कार्यहरुका विवरण संक्षिप्त रुपमा यहां प्रस्तुत गर्न चाहन्छु,

१. प्रदेसको नामाकरण र राजधानी तोक्ने विषयमा यस प्रदेस सभाले २०७६ साल पौष २८ गते प्रदेसको नाम बागमती प्रदेस र राजधानी हेटौडा कायम गरेको छ ।
२. प्रदेस सरकारले यस अवधिमा प्रदेसको नितिगत एवं संस्थागत संरचनाहरु तयार गरेको छ । प्रदेस सभाको भवन, प्रदेसको मन्त्रालय लगायतका अन्य सरकारी निकायका संरचनाहरु निर्माणाधिन अवस्थामा छन । प्रदेस सरकारले आफ्नै व्यवस्थापनमा रहने गरी प्रदेश नीति तथा योजना आयोग, सहकारी बोर्ड, दुग्ध विकास बोर्ड, प्रदेस युवा परिषद, प्रदेस सुशासन केन्द्र जस्ता विभिन्न संरचना तयार गरी कार्यान्वयन गरिरहेको छ ।
३. प्रदेस सरकार सञ्चालनका लागि आवश्यक पर्ने कानून तर्जुमा गर्ने सन्दर्भमा ५० वटा ऐन तर्जुमा गरी सकेको छ ।
४. सभामुख महोदय, प्रदेस सरकारको संचित कोष अनुकूल अवस्थामा रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा बागमती प्रदेस सरकारको कूल आम्दानी रु ६० अर्व रहेकोमा केवल २८ प्रतिशत मात्र संघबाट प्राप्त वित्तीय हस्तान्तरण रहेको छ। यो सरकार क्रमश: आत्म निर्भरता तर्फ उन्मुख छ।
५. माननीय सभामुख महोदय, प्रदेस तथा स्थानीय तहमा जनशक्ती व्यवस्थापनका लागि प्रदेस लोक सेवा आयोग गठन गरिएको छ । प्रदेस तथा स्थानीय सेवामा कर्मचारी भर्ना सम्वन्धि काम थालनी गरीएको छ ।
६. सरकारले योजनावद्ध विकासका लागि पहिलो आवधिक योजना तर्जुमा गरेको छ । प्रदेसका आयोजनाहरुको पहिचान, प्राथमिकीकरण, छनोट र मुल्यांकन जस्ता कृयाकलाप तथ्य परक एवं मापदण्डमा आधारित

बनाउन प्रदेस आयोजना बैंक ब्यवस्थापन गर्न कार्यविधि तयार भएको छ ।

७. विश्वब्यापी कोभिड- १९ महामारी मानव जीवन, आर्थिक र सामाजिक क्षेत्रमा विषम परिस्थितीको सृजना गरेको छ । सरकारले कोभिड — १९ रोकथाम, नियन्त्रण र उपचार तथा राहतमा संघ, प्रदेस, तथा स्थानीय सरकार संग समन्वय गरी कृयाशील रहेको छ । कोभिड- १९ लगायत महामारी जन्य, रोगहरुको रोकथाम, नियन्त्रण प्रभावकारी बनाई विश्वसनीय र भरपर्दो स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक मेसनरी उपकरण जनशक्ती, औषधी खोप लगायत विषयलाई ध्यानमा राखी काम गरी रहेको छ । महामारी विरुद्धको खोपमा प्रदेसवासीको पहुँच पुर्याउन "प्रदेस प्रमुख कोमिड- १९ खोप" कार्यक्रम संचालनमा ल्याएको छ । कोभिड १९ पश्चातको पुनरुत्थानको आधार पूर्वाधार विकास, उत्पादन र रोजगारको लागि समेत विभिन्न कार्यक्रमहरु अगाडि वढाइएको छ ।

८. सभामुख महोदय, नागरिकहरुका मौलिक हकको रुपमा रहेको स्वास्थ्य सेवालाई सहज सुलभ र गुणस्तरीय बनाउन एवं आपतकालिन अवस्थामा समेत स्वास्थ्य सेवाको मागलाई धान्न सक्ने गरी प्रदेस भित्रका जिल्ला अस्पतालहरुको स्तरउन्नती गरिएको छ ।“एक स्थानिय तह एक अस्पताल”को योजनालाई प्रदेस सरकारको प्रमुख कार्यक्रमको रुपमा अगाडी वढाइएको छ ।

९. शहिद गंगा लाल हृदयरोग अस्पतालसँगको सहकार्यमा बागमती प्रदेस सरकारी अस्पताल हरुमा हृदयाघात भएका विरामीको उपचारमा सहजीकरण गर्ने ब्यवस्था मिलाइसकेको छ ।

१०. बागमती प्रदेसका क्यान्सर तथा मृगौला विरामीलाई बागमती प्रदेश सरकारको तर्फवाट रु. पचास हजार सहायता उपलब्ध गराउने ब्यवस्था

गरेको छ । प्रदेसको सिन्धुली, धादिङ र त्रिसुली अस्पतालमा मृगौला रोगीका लागि निःशुल्क डायलासिस सेवा विस्तार गर्न प्रदेस सरकार लागि परेको छ ।

११. सभामुख महोदय, सरकारले प्रदेस अन्तरगत ३५९ वटा सामुदायिक माध्यमिक विद्यालयमा "एक विद्यालय एक नर्स" कार्यक्रम संचालन गरेको छ। मदन भण्डारी स्वास्थ विज्ञान प्रतिष्ठान स्थापना गरी प्रतष्ठानलाई आधुनिक र सुविधा सम्पन्न वनाउँदै लगिएको छ ।

१२. "मुख्य मन्त्री जनता स्वास्थ्य कार्यक्रम" मार्फत क्यान्सर तथा हृदयाघात भएका विपन्न नागरिकलाई सहयोग गर्ने, महिलामा हुने पाठेघर एवं स्तन क्यान्सर उपचारमा सहयोग गर्ने काम भई रहेको छ ।

१३. सभामुख महोदय, गुणस्तरीय शिक्षा, विज्ञान र प्रविधिको समायानुकूल विकास तर्फ प्रदेस सरकार निरन्तर कृयाशील छ । बागमती प्रदेसलाई "साक्षर बागमती प्रदेस" घोषणा गरी सकेका छौं । शिक्षाको गुणस्तर तथा विकासलाई थप टेवा पुर्याउन प्रत्येक विद्यलयमा एक माध्यमिक शिक्षक अनुदान दिने व्यवस्था मिलाएका छौं । साथै "एक स्थानिय तह प्राविधिक विद्यालय" कार्यक्रम र "बागमती प्रदेसको इच्छा, छोरी बुहारीलाई उच्च शिक्षा" कार्यक्रम कार्यान्वयन गरी छोरी बुहारीलाई पढ्ने प्रेरणा जगाएको छौं। बागमती प्रदेसको महिला तथा वालवालिकाको अधिकार सुनिश्चित गर्दै "वाल विवाह मुक्तप्रदेस" बनाउने कार्यक्रमहरु कार्यान्वयन भई रहेका छन् ।

१४. बागमती प्रदेसमा खेलकुदको योजना बद्ध विकासका लागि खेलकुदको क्षेत्रमा "एक पालिका एक खेल मैदान" कार्यक्रम कार्यान्वयन भई रहेको छ । युवाहरुको नेतृत्व विकासका लागि ब्यवसायिक सीप अभिवृद्धि रोजगार, स्वरोजगार एवं उद्यमशीलता प्रवर्द्धन, यूवा शशक्तीकरण

कार्यक्रमको थालनी गरिएको छ। रङ्गशाला, कभर्डहल र खेल मैदान निर्माण भई रहेका छन् । युवा वैज्ञानिक कोष तथा प्रयोगशाला निर्माण कार्यलाई अगाढी बढाइएको छ ।

१५. माननीय सभामुख महोदय, कृषि तथा पशुपन्छी विकासको क्षेत्रमा बागमती प्रदेस सरकार निरन्तर कृयाशिल रहेको छ । कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न दुध उत्पादक कृषकलाई अनुदानको व्यवस्था गरिएको छ । बागमती प्रदेसको कृषि उत्पादन वृद्धि, रोजगारी सृजनाका लागि एकिकृत चक्लाबन्दी खेति, कृषक प्राथामिकता कार्यक्रम कार्यान्वयन भएको छ जसका कारण बागमती प्रदेसलाई दुध, अण्डा, कुखुराको मासु र तरकारीमा आत्मानिर्भर वन्दै गएको छ ।

१६. उत्पादन तथा रोजगारी सृजना गर्न कृषी, पशुपालन, माछापालन उद्योग, ब्यापार ब्यावसाय सञ्चालनका लागि वित्तीय संस्थावाट सहुलितपूर्ण ब्याजदरमा ऋण उपलब्ध गराउँने व्यवस्था मिलाइएको छ ।

१७. सभामुख महोदय, खानेपानी तथा सरसफाई कार्यक्रम अन्तरगत “एक घर, एक धारा” कार्यक्रम अगाडी बढाइएको छ । जनताको आधारभूत आवश्यकताको आपूर्ती गर्ने काममा जोड दिंदै दुधौलिको मुसहर, रामछापको माझी, चितवन माडीको गन्धर्व समुदायलाई जनता आवास कार्यक्रममा आवद्ध गरी वसोबासको व्यवस्था मिलाइएको छ । चितवन, मकवानपुर दोलखा, सिन्धुली धादिङ लगायत जिल्लामा यो कार्यक्रम विस्तार गरिएको छ । साथै खरको छाना मुक्त बनाउने अभियान अन्तरगत मानव विकास सूचकाङ्कमा तल परेकाहरुका लागि प्राथामिकता दिई अगाडी वढाइएको छ ।

१८. पोष्ट वहादुर वोगटी (भिमफेदी - कुलेखानी) सुरुङ मार्ग लाई प्रदेसको महत्पूर्ण आयोजनाको रुपमा अगाडी सारिएको छ । मदन भण्डारी मार्गको

रुपमा परिचित भैंसे -कुलेखानी - सिस्नेरी -दक्षिणकाली वाटो स्तरउन्नती गर्ने कार्य जारी छ । प्रादेशीक सडक आयोजना अन्तरगत ४०० कि.मि. पक्की सडक निर्माण कार्य सम्पन्न भएको छ ।

१९. यातायात सेवालाई सर्वसुलभ, पहुँचयोग्य, सुरक्षित र ब्यवस्थित गर्न सम्पूर्ण सवारी साधन विवरण डिजिटलाइजेसन गर्ने तथा अनलाइन मार्फत राजस्व असुली गर्ने सेवा प्रदान गर्ने कार्य शुभारम्भ भइसकेको छ । वातावरण मैत्री विद्युतीय वस सन्चालन कार्य कार्यान्वयनको अन्तिम चरणमा पुगेको छ ।

२०. सभामुख महादय, प्रदेसको वन तथा वातावरण संरक्षण गर्न "बागमती प्रदेस स्वच्छ र सफा प्रदेस" अभियान थालनी गरिएको छ । काठमाण्ठौ उपत्यकामा ३ वर्षमै उल्लेखनीय हरियाली विकास भएको छ । शहरी सडक किनार, नदी किनार, नदी उकास, सार्वजनिक पर्ती जग्गामा शहरी वन तथा वृक्षारोपण कार्यक्रम कार्यान्वयन भएको छ । १३ वटै जिल्लामा २४०० रोपनी भन्दा वढी क्षेत्रमा व्यावसायीक जडिवुटी रोपण कायक्रम सम्पन्न भएको छ । पानी संरक्षणका लागि परापुर्वकाल देखि रहेका पोखरीको संरक्षण गर्नुका साथै १०० भन्दा वढी नयाँ पोखरी निर्माण भएका छन । खाली तथा प्रयोगमा नआएको वन क्षेत्रको जमिनमा फलफूल वृक्षारोपण कार्य भईरहेको छ ।

२१. "एक स्थानिय तह, एक उद्योग ग्राम”को कार्य अगाडी सारेको छ । मासिक रुपमा हाम्रो प्रदेसमा करिब १००० भन्दा वढी उद्योगहरु दर्ता भई घरेलु तथा साना उद्योग संचालनमा आएका छन । काठमाण्डौ उपत्यकामा वाणिज्य दर्ताको काम प्रदेस सरकार मातहत नै सेवा प्रवाह थालनी गरिएको छ ।

२२. पर्यटन विकासका लागि १० वटा हिलस्टेशन, १० वटा नमुना गन्तव्य कार्यक्रम तथा विभिन्न स्थानीय तहमा पार्कहरु निर्माण भएका छन् । ऐतिहासिक गढी संरक्षण तथा विकास र प्रवर्द्धन कार्यक्रम संचालनमा ल्याइएको छ । जननेता मदन भण्डारीको समृतिमा दासढुङ्गा देखि गाजीपुर सम्मको क्षेत्रलाई एकिकृत पर्यटन क्षेत्र निर्माणको काम थालनी गरिएको छ ।

२३. सभामुख महोदय, प्रदेसमा वाढी पहिरो, भूक्षय मनुसुनजन्य जस्ता प्राकृतिक प्रकोप, संक्रामक रोग, विपद ब्यवस्थापनमा द्रुत उद्दार, उपचार, राहत र पुनर्स्थापना गर्ने कार्यका लागि प्रदेस सरकारले १० करोडको विपद व्यवस्थापन कोष स्थापना गरिसकेको छ । वाढी, पहिरो, भुकम्प जस्ता विपद हरुको पूर्वानुमान गर्ने प्रणालीको स्थापना गर्न प्रदेस सरकार आवश्यक प्रकृया अगाडी बढाइसकेको छ ।

सभामुख महोदय,

नेकपा एमालेले नेतृत्व गरेको सरकारले मूलत प्रदेसको सस्थागत विकास, नीतिगत व्यवस्था र संरचना निर्माणमा सफल भएको छ । आर्थिक सुचकाङ्क, सुशासन, आर्थिक अनुसासन, राजस्व संकलन तथा संघीयता कार्यान्वयनमा सरकारले गरेको अभ्यास उपलव्धीमूलक रहेको छ । मेरो नेतृत्वमा बागमती प्रदेस सरकार गठन भएको आज ठिक दुई महिना दुई दिन मात्र भएको छ । यो चौसठी दिनको अवधिमा प्रदेस सरकारले गरेका कामहरु यस सभामा प्रस्तुत गर्न अनुमती चाहान्छु ।

१. प्रदेस सरकारले सुशासन कायम गर्नका लागि मन्त्री तथा पदाधिकारीहरुको आचार संहिता लागू गरिएको छ । त्यस्तै प्रदेस अन्तरगतका निकाय/कार्यालयहरुको सुशासन जाँच मापदण्ड,

औपचारिक वा उद्घाटन कार्यक्रम संञ्चालन कार्यविधिको मस्यौदा तयार भएको छ ।

२. चालू आर्थिक वर्ष ०७८/७९ को कार्यक्रम कार्यान्वयनका शुरुवाती समय भएकोले २८ वटा विषयगत मन्त्रालयका कार्यक्रम कार्यान्वयन कार्यविधिहरु तयार भई स्विकृत भएका छन ।

३. प्रदेसका नागरिकहरुको जनस्वास्थ र प्रदेसमा निर्माण गर्नुपर्ने स्वास्थ सम्वन्धि पूर्वाधारलाई द्रुत गतिमा विकास गर्न प्रदेसमा छुट्टै स्वास्थ्य मन्त्रालयको संरचना खडा गरिएको छ ।

४. राष्ट्रिय बोर्ड नियमावली, जडिवुटी तथा गैरकाष्ठ वन पैदावार बोर्ड नियमावली सहित ५ वटा नियमावली तयार भएका छन् ।

५. सभामुख महोदय, केही समय अगाडी सिन्धुपाल्चोक जिल्लाको मेलाम्ची, हेलम्बु तथा दोलखा, नुवाकोट जिल्लामा आएको बाढी पहिरो जस्ता विपदमा परेकाको उदार तथा राहातको लागि संघ, प्रदेस र स्थानीय तहको साझेदारीमा प्रदेस सरकारको तर्फवाट रु. नब्बे लाख पठाइएको छ । प्रदेस सरकारले पहिलो पटक प्रत्येक जिल्लाको विपद व्यवस्थापनका लागि रु दश दश लाखका दरले तेह्र वटै जिल्लामा पठाइएको छ । वाढी, पहिरो, भुकम्प जस्ता विपदको पूर्वानुमान गर्ने प्रणालीको स्थापना गर्न प्रदेस सरकारले आवश्यक प्रकृया थालनी गरेको छ ।

६. सभामुख महोदय, प्रदेस सरकारको संचित कोष अनुकूल अवस्थामा रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा बागमती प्रदेस सरकारको कूल आम्दानी रु ६० अर्व रहेकोमा केवल २८ प्रतिशत मात्र संघबाट

प्राप्त वित्तीय हस्तान्तरण रहेको छ। यो सरकार क्रमश: आत्म निर्भरता तर्फ उन्मुख रहेको छ।

७. चालु खर्चको तुलनामा पुँजीगत खर्च तर्फको प्रगती उत्साहप्रद छ। आर्थिक वर्ष २०७७/७८ मा अघिल्लो वर्षको तुलनमा चालु खर्च करिब १८ प्रतिशतले वृद्धि भएकोमा पुँजीगत खर्चको वृद्धिदर करिब २८ प्रतिशत रहेको छ।

८. वित्तीय अनुशासन कायम गर्न आवश्यक सजगता अपनाइएको छ । सबै भन्दा कम बेरुजु हुने प्रदेस सरकारको रुपमा यो सरकार रहेको छ।

९. आर्थिक वर्ष २०७८/७९ को बजेटमा समावेश भएका कार्यक्रम र आयोजना कार्यान्वयनको समयमसीमा सहितको विस्तृत कार्ययोजना तथा वजेट कार्यान्वयन मार्गदर्शन तयार गरिएकोछ ।

१०. कोभिड १९ बाट प्रभावित उद्योग, पर्यटन र यातायात व्यवसायीहरुका लागि घोषणा गरिएको इजाजत शुल्क र नविकरण दस्तुर मिनाहाको पूर्णत कार्यान्वयनको व्यवस्था मिलाइएको छ।

११. कृषि, उद्योग, पर्यटन, पशु जस्ता उत्पादनमूखी व्यवसाय तथा युवा उद्यमशिलता विकासका लागि प्रदेस सरकारले घोषणा गरेको २ अरब रुपैयाँको कोष परिचालन भएको छ । यो सहुलियत पूर्ण ऋृण लगानीले सकारात्मक नतिजा दिएकोले कार्यान्वयनका क्रममा प्राप्त अनुभव आधारमा नयाँ कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।

१२. सुशासन तथा सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने तर्फ विशेष ध्यान दिइएको छ।

१३.काठमाण्डौको फोहोर व्यवस्थापन, ट्राफिक व्यवस्थापन, बागमती प्रदेसमा हुने गरेको आत्महत्याको न्यूनिकरण, लागुऔषध दुर्व्यसनी नियन्त्रण लगायतका काममा प्रदेस सरकारले सकृयता पुर्वक कार्य थालनी गरी अन्तरनिकाय समन्वय कामहरु सम्पन्न भएका छन् ।

१४.कोभिड १९ ले श्रृजना गरेको वर्तमान अवस्थालाई केन्द्रित गरी प्रदेस सरकारले १३ वटै जिल्लामा PCR मेसिन र अक्सिजन प्लान्ट स्थापना कार्यलाई प्रभावकारीरुपमा अगाडि वढाइसकेको छ । हालै सरकारले ललितपुरको बज्रबाराही, चितवनको बकुलर, काभ्रेको मिथुनकोट, धादिङ्ग अस्पतालमा PCR मेसिन र अक्सिजन प्लान्ट स्थापना कार्य सम्पन्न भएको छ । रामेछाप, सिन्धुपाल्चोक, भक्तपुर अस्पतालमा ICU र अक्सिजन प्लान्ट स्थापना कार्य अन्तिम चरणमा पुगेको छ ।

१५.प्रदेसका सबै अस्पतालहरुमा कोभिड १९ लगायतका क्षेत्रमा आवश्यक पर्ने औषधिहरु पुर्णरुपमा आपुर्ती प्रणाली चुस्त वानाइएको । सबै अस्पतालहरुमा औषधि तथा स्वास्थ्यजन्य सामाग्रीहरुको प्राप्त मौज्दातको व्यवस्था मिलाइएको छ ।

१६.लामो समयसम्म उद्योग प्रवर्दन समिति गठन हुन नसक्दा उद्योग क्षेत्रका विभिन्न नीतिगत विषय तथा अनुमति/सहमति लिनुपर्ने उद्योगहरुको विकास तथा विस्तारलाई सहज तथा सरल वनाउन उद्योग लगानी प्रवर्द्धन समितिले पुर्णता दिइएको छ ।

१७.विपद व्यवस्थापन अन्तरगत खासगरी वाढि, पहिरो, खहरे खोला नियन्त्रण गर्ने कार्यको सेवा विस्तारका लागि रामेछाप, नुवाकोट र

मकवानपुरमा भू तथा जलाधार व्यवस्थापन कार्यालय स्थापना गरिएको छ ।

१८.चाडपर्वलाई लक्षित गरी उपभोग्य वस्तुहरुको मूल्यवृद्धि, कालावजारी, म्याद गुज्रिएका वस्तुको विक्री वितरण रोक्न वजार अनुगमनलाई प्रभावकारी वनाँउदै घरेलु कार्यालय, जिल्ला प्रशासन कार्यालय, स्थानीय तहको सहयोगमा ११९ तहमा वजार अनुगमन कार्य सुचारु भई रहेको छ ।

१९.यातायात क्षेत्रको अनलाइन विवरण तथा अनलाइनवाट रकम भुक्तानी व्यवस्था मिलाइएको छ । उद्योग, वाणिज्य र पर्यटन क्षेत्रको उद्योग/फर्महरुको दर्ता तथा नविकरणका लागि वेबमा आधारित अनलाइन प्रणाली जडानको ठेक्का प्रकृया सम्पन्न भएको छ ।

२०.पहिलो पटक वीउ विजन सम्वन्धि निर्देशिका तयार भएको छ । हेटौंडामा एकिकृत तरकारी वजार सुचारु हुनका साथै दुग्ध पाउडर प्लान्ट सञ्चालन कार्य सुचारु भएको छ । नुवाकोट, चितवन र सिन्धुलीमा कोल्डस्टोर निर्माण अन्तिम चरणमा पुग्नका साथै सिन्धुली, रसुवा र सिन्धुपाल्चोकमा निर्माणाधिन अवस्थामा रहेको छ ।

२१.विद्युतीय वस सेवा सञ्चालनका लागि भरतपुर उपमहानगर धुलिखेल, विदुर, गजुरी नगरपालिका र मनहरी नगरपालिकाले चार्जीङ्ग स्टेशन स्थापनाका लागि जग्गा छनौट तथा व्यवस्थापन कार्य सम्पन्न भएको छ ।

२२. ६४० कि.मि पक्की सडकको वहुवर्षीय ठेक्का सम्झौता हुनका साथै १० कि.मी सडक यही भाद्र महिनामा कालो पत्रे भएको छ ।आधारभूत खानेपानीको सेवा पहुँच ९३% जनता समक्ष पुर्याइएको छ ।

२३. विपदमा साझेदारी कार्यक्रम अन्तरगत १२३० वटा नीजि आवास निर्माणका लागि वजेट कार्यान्वयनमा गएको छ ।

२४. चितवन जिल्लामा मानव वन्यवजन्तु द्वन्दव्यवस्थापनका लागि ८.५ कि.मी. जाली सहितको पर्खाल निर्माण भएको र यस वर्ष ८ करोडको ठेक्का सम्झौता भएकोले यसले पुर्णता पाउने विश्वास लिएको छु ।

२५. मानव विकासको मूल आधार शिक्षा भएकोले विगत देखि नै शिक्षा क्षेत्रमा गरेको लगानीको प्रतिफल स्वरुप हामीले मिति २०७८ असोज ११ गते नेपालमै पहिलो साक्षर प्रदेसको रुपमा “बागमती प्रदेस साक्षर प्रदेस”घोषणा गर्न सफल भएका छौ । यस कार्यमा सहयोग पुर्याउने नेपाल सरकार, स्थानीय तह र शिक्षक/राष्ट्रसेवक सम्वन्धित सबैमा धन्यवाद ज्ञापन गर्दछु ।

२६. समुदायको सहकार्यमा दोलखामा २ वटा हाते कागज उद्योग, चेपाङ्गका लागि कार्यक्रम अन्तरगत मकवानपुर र धादिङ्गमा चिउरी उद्योग, सिन्धुपाल्चोकको लिसङ्खुपाखरमा काष्ठ सिजनीङ्ग उद्योग दर्ता भई सुचारु उन्मुख छन् ।

२७. बागमती प्रदेसमा प्रदेस अन्तरगतका सबै निकाय तथा ११९ वटै स्थानीय तहको एकिकृत सुचना प्रणाली व्यवस्थापनका लागि सुचना वैङ्क स्थापना गरिएको छ । बागमती प्रदेसका सूचना संकलन र भण्डारण गर्ने उदेश्यले एग्रिगेट रूपमा सूचना बैंक सञ्चालनमा ल्याएको छ ।

यसले आधिकारिकरुपमा सार्वजनिक सूचना दिने, तथ्य परक रुपमा प्राप्त गर्ने नागरीकको अधिकारलाई सुनिश्चित गरेको छ ।

२८. वढ्दो वातावरणीय प्रदुषण तथा जलावयू परिवर्तनको अनुकुलनका लागि प्रदेस स्तरको रणनीति कार्ययोजनाको अन्तिम मस्यौदा तयार गरिएको छ ।

२९. प्रदेस सरकारको पर्यटन क्षेत्रको महत्वपुर्ण योजना घाञ्जला पासको DPR तयार भई कार्यान्वयनमा गएको छ । भौतिक पुर्वाधार, पर्यटन पुर्वाधार, कृषि क्षेत्रका पुर्वाधार निर्माण २५ वटा परियोजनाको ठेक्का सम्झौता सम्पन्न भएको छ ।

३०. युवा र खेलकुद कार्यक्रमलाई लक्षित गरी बागमती प्रदेसका १३ वटै जिल्लामा ९१ वटा खेल संचालन हुने गरी अखिल नेपाल फूटबल संघ र प्रदेस सरकार वीच समाझदारी भएको छ ।

३१. वागमती प्रदेशमा वनेका कानंनहरुलाई सहजरुपमा जनसमुदाय समक्ष पुर्याउन वागमती प्रदेश कानुन एप विकास गरी सञ्चालनमा ल्याइ सकेका छौं ।

सभामुख महोदय

नेपाली समाज सामान्तवादलाई अन्त्य गर्दै पूँजीवादी युगमा प्रवेश गरेको छ । देशले समाजवाद उन्मुख कार्यक्रमहरु लागू गर्दै न्यायपूर्ण समाज स्थापना गर्ने मार्ग पहिल्याएको छ । यूगौं देखि नेपाली समाजमा कायम रहेको गरिबी पछौटेपन, अशिक्षा जस्ता समस्यालाई समाप्त गर्दै समृद्ध नेपाल, सुखि नेपाली को लक्ष्य प्राप्त गर्ने दिशा तर्फ उन्मुख छ । यसका निमित्त राष्ट्रिय

औद्योगिककरण गर्नु पर्दछ । उत्पादनलाई व्यापक विस्तार गर्नुपर्छ । हाम्रा सबै श्रोत र सधानहरुको दिगो तथा समुचित उपयोग गर्नुपर्छ । सो काम गर्न हामीले एउटा सुदृढ राष्ट्रिय अर्थतन्त्र विकास गर्न अनिवार्य छ । यस पश्चात मात्रै हामी समाजवाद तर्फको यात्रामा अघि वढ्न सक्छौ । राष्ट्रको यो अभियानमा बागमती प्रदेस सरकार आफ्नो क्षमताले भ्याएसम्म कृयाशिल छ र रहिरहनेछ । मेरो नेतृत्वको सरकारले समाजवाद उन्मुख कार्यक्रमको प्रारम्भिक खाका तयार भएको छ र यस्को सार्वजनिकीकरणको तयारी गरेका छौं । सो समाजवाद उन्मुख कार्यक्रम बागमती प्रदेसका सिमान्तकृत समुदाय, श्रमिक तथा विपन्न वर्ग केन्द्रित रहेको कुरा सदनलाई जानकारी गराउन चाहान्छु ।

'सभामुख महोदय,

बागमती प्रदेस सरकारको तर्फवाट अगाडि सारिएका कार्यक्रमको हकमा प्रदेस सभाका सम्पूर्ण माननीय सदस्यहरुको निरन्तर सहयोगका कारण यि कार्यहरु सम्भव भएका हुन् । प्रदेस सभाको माननीय सदस्यहरूको साथ सहयोग र समर्थन यस सरकारलाई हुने पूर्ण अपेक्षा गरेको छु । प्रदेस सभाका माननीय सदस्यज्यूहरुको सहयोग र समर्थनमा मात्र प्रदेस सरकारले अगाडी बढाएका कामहरु पूर्ण रुपमा सफल हुनेछ भन्ने दृढ विश्वास लिएको छु ।

धन्यवाद ।

अष्टलक्ष्मी शाक्य
मुख्यमन्त्री

मिति: कार्तिक ४, २०७८